श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२८ सालको ऐन नं. १७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओर्जस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### साना मुद्दाहरूको संक्षिप्त कार्यविधिको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– साना मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाई चांडो किनारा हुने व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "संक्षिप्त कार्यविधि ऐन २०२८" रहेको छ ।

(२) यो ऐन श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "उजुरी" भन्नाले नालेश समेत सम्झनुपर्छ र सो शब्दले फौजदारी मुद्दामा प्रहरी प्रतिवेदनलाई समेत जनाउँछ ।

(ख) "मुद्दा" भन्नाले यस ऐनबमोजिम कारवाई र किनारा गर्नु पर्ने दफा ३ मा उल्लिखित मुद्दालाई जनाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) "अदालत" भन्नाले मुद्दा हेर्ने अधिकारी वा कार्यालयलाई समेत जनाउँछ ।

३. यस ऐनबमोजिम हेरिने मुद्दाहरू:– (१) यो ऐन प्रारम्भ भएपछि दायर हुने देहायका कुनै मुद्दाको शुरू कारवाई गर्दा यस ऐनबमोजिमको कार्यविधि अपनाउनुपर्छः–

(क) अनुसूची १ मा उल्लिखित मुद्दा, वा

(ख) अनुसूची २ मा उल्लेख भएको बाहेक एक हजार रूपैयाँसम्म मोल वा बिगो समावेश भएको देवानी मुद्दा वा कए हजार रूपैयाँसम्म जरिवाना वा छ महीनासम्म कैद वा सो दुबै सजाय हुन सक्ने फौजदारी मुद्दा ।

(२) उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै ऐनद्वारा कुनै मुद्दाको सम्बन्धमा कुनै विशेष कार्यविधिको व्यवस्था गरिएको रहेछ भने सो कार्यविधि-लाई यस ऐनको कुनै कुराले असर पारेको मानिने छैन ।

(३) कुनै मुद्दामा प्रतिवादीको वयान वा प्रतिउत्तरपत्रबाट जालसाजी, किर्ते वा करकाप सम्बन्धी प्रश्न उठेमा मुलुकी ऐन, अदालती बन्दोबस्तको ७८ नं. बमोजिमको कार्यविधि पूरा गरी सोही मुद्दाबाट सो प्रश्नको पनि निर्णय गर्नुपर्छ ।

४. उजुरीः– कसैले फिरादपत्र नदिई प्रमाण समेत खुलाई उजुर निवेदनपत्र दिएमा अदालतले आवश्यक भए वयान समेत गराई त्यसैबाट कारवाई गर्नुपर्छ ।

५. जाँचबुझः– (१) कुनै मुद्दामा उजुरी दायर भएपछि अदालतले त्यस सम्बन्धमा देहायका कुराहरूको जाँचबुझ गर्नेछः–

(क) वादीको दावी वा निजले प्रतिवादी उपर लगाउन खोजेको अभियोग कानूनमा आधारित छ वा छैन ?

(ख) वादीले प्रस्तुत गरेको वा गर्न चाहेको प्रमाणहरू मुद्दामा सरोकारका छन् वा छैनन् र ती प्रमाणहरू उजुरीमा उल्लेख भएका कुराहरू प्रमाणित गर्न पर्याप्त छन् वा छैनन् ?

(२) उप–दफा (१) बमोजिम जांचबुझ गर्दा अदालतले वादीको उजुरी नै लाग्न नसक्ने वा विश्वसनीय वा पर्याप्त प्रमाण नभएकोले उजुरीमा उल्लेख भएका कुराहरू प्रमाणित हुन नसक्ने देखेमा कारण समेत उल्लेख गरी उजुरी खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजुरी खारेज हुने भएमा बाहेक अदालतले

(क) प्रतिवादी अदालतमा उपस्थित भए तुरुन्त निजको वयान लिई कारवाई गर्नुपर्छ ।

तर प्रतिवादीले तुरुन्त बयान गर्न इन्कार गरी प्रतिउत्तर पेश गर्न चाहेमा जिनलाई सात दिनको म्याद दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिवादी अदालतमा उपस्थित नभए निजको नाममा तीन दिनभित्र समाह्वान वा इतलायनामा जारी गर्नुपर्छ ।

(४) कुनै कानून अन्तर्गत अदालतले स्वयं कारवाई चलाउनु पर्ने अवस्थामा मुद्दामा तत्काल प्राप्त प्रमाणबाट कुनै व्यक्तिका उपर मुद्दा चलाउनु पर्ने देखिएमा अदालतले देहाएका कुराहरू उल्लेख गरी पर्चा खडा गर्नुपर्छ र उप-दफा (३) को खण्ड (क) र (ख) बमोजिम कारवाई गर्नुपर्छः-

(क) प्रतिवादीको पूरा नाम र ठेगाना,
(ख) मुद्दा चलाउनु पर्ने कारण, र
(ग) तत्सम्बन्धी प्रमाण ।

६. उजुरी र लिखत प्रमाणको नक्कल प्रतिवादीलाई दिनु पर्नेः- (१) प्रहरीद्वारा कारवाई चलाइएको मुद्दामा प्रतिवादी प्रहरी हिरासतमा भए उजुरी दर्ता हुनासाथ सो उजुरी र तत्सम्बन्धी लिखत प्रमाणहरूको एक एक प्रति नक्कल सम्बन्धित प्रहरी कार्यालयले प्रतिवादीलाई दिनुपर्छ ।

(२) दफा ५ को उप-दफा (४) बमोजिम कारवाई चलेको मुद्दामा सो उपदफामा उल्लिखित पर्चा र तत्सम्बन्धी लिखत प्रमाणको एक एक प्रति नक्कल अदालतले प्रतिवादीलाई बयान गराउनुभन्दा अगावै दिन वा समाह्वान वा इतलायनामाका साथ पठाउनुपर्छ ।

(३) उप-दफा (१) र (२) मा उल्लिखित अवस्थामा बाहेक अन्य अवस्थामा प्रत्येक प्रतिवादीका निमित्त एक एक प्रतिको हिसावले उजुरी र तत्सम्बन्धी लिखत प्रमाणको नक्कल प्रतिहरू वादीले उजुरीका साथ अदालतमा पेश गर्नुपर्छ र अदालतले सो नक्कल प्रतिवादीलाई समाह्वान वा इतलायनामाका साथ पठाई दिनुपर्छ ।

तर एकाघरका प्रतिवादीहरू जति जना भए पनि उजुरी र तत्सम्बन्धी लिखत प्रमाणको एक एक प्रति नक्कल मात्र पेश गरे वा पठाए पुग्नेछ ।

(४) यस दफाबमोजिम प्रतिवादीलाई दिनु वा पठाउनु पर्ने नक्कल नदिई वा नपठाई मुद्दाको कारवाई भएको रहेछ भने सो कारवाई बदर हुनेछ ।

(५) दफा ७ को उप-दफा (२) बमोजिम समाह्वान वा इतलायनामा टांस भएकोमा सो समाह्वान वा इतलायनामाका साथ पठाइएको नक्कल प्रतिहरू सो समाह्वान वा इतलायनामा तामेल गर्न जाने कर्मचारीले अदालतमा फिर्ता बुझाउनुपर्छ र प्रतिवादीले सो नक्कल प्रतिहरू जहिलेसुकै पनि अदालतबाट प्राप्त गर्न सक्नेछ ।

७. समाह्वान वा इतलायनामाः- (१) अदालतले यस ऐनबमोजिम समाह्वान व इतलायनामा जारी गर्दा अनुसूची ३ मा तोकिएको ढांचामा जारी गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) बमोजिम जारी भएको समाह्वान वा इतलायनामा तामेल गर्दा प्रतिवादी वा निजका एकाघरसंगका परिवारका कुनै सदस्य फेला नपरेमा वा निजको घरद्वारको पत्ता नलागेमा स्थानीय पञ्चायतका कुनै सदस्य वा कुनै दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राखी सो समाह्वान वा इतलायनामा गाउँ पञ्चायतको क्षेत्रमा तामेल गर्नु पर्ने भए सो पञ्चायतको कार्यालयमा र नगर पञ्चायतको क्षेत्रमा तामेल गर्नु पर्ने भए सम्बन्धित वडाको कुनै सार्वजनिक स्थानमा टाँसी दिनुपर्छ र सो बमोजिम टाँस भएपछि समाह्वान वा इतलायनामा रीतपूर्वक तामेल भएको मानिनेछ ।

तर बादीले गलत ठेगाना लेखिदिएको वा अदालतद्वारा गलत ठेगानाको उल्लेख गरेको कारणले प्रतिवादी वा निजको घर डेराको पत्ता नलागेको रहेछ भने यस उप–दफा बमोजिम टाँस हुँदैमा समाह्वान वा इतलायनामा रीतपूर्वक तामेल भएको मानिने छैन ।

(३) यस दफाबमोजिमको समाह्वान वा इतलायनामा तामेल गर्न जाने कर्मचारीले बाटाका म्याद बाहेक दुई दिनभित्र समाह्वान वा इतलायनामा तामेल गरी सक्नुपर्छ र कुनै मनासिब कारण नभै समाह्वान वा इतलायनामा तामेल गर्न ढिलो गरेको देखिएमा निजलाई अदालतले पच्चीस रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

८. म्याद तारेखः– (१) यस ऐनबमोजिम कारवाई चलेको कुनै मुद्दामा गुज्रेको म्याद वा तारिख थमाउन पाइने छैन ।

तर– (क) पक्षको काबुभन्दा बाहिरको परिस्थितिले गर्दा म्याद वा तारेख गुज्रेको भन्ने अदालतलाई लागेमा एकै पटक वा दुई पटकसम्म गरी जम्मा पन्ध्र दिनसम्मको म्याद तारिख थाम्न सकिनेछ ।

(ख) मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ६२ नं र १७५ नं. मा लेखिए जति कुरामा सोहीबमोजिम हुनेछ ।

(२) प्रतिवादीको नाममा समाह्वान वा इतलायनामा जारी गर्दा बाटाका म्याद बाहेक सात दिनको म्याद दिइनेछ ।

९. अनुपस्थित प्रतिवादी तर्फबाट अरूले प्रमाण पेश गर्न सक्ने विशेष व्यवस्थाः– (१) कुनै देवानी मुद्दामा दफा ७ बमोजिम जारी भएको इतलायनामाको म्यादमा प्रतिबादीले प्रतिबाद गर्न नसक्ने कुनै विश्वसनीय कारण देखाई निजका एकाघरसंगका कुनै हकवालाले सो म्याद भुक्तान भएको मितिले ७ दिनभित्र वादीको दावा खण्डन हुने कुनै प्रमाण पेश गरेमा अदालतले सो प्रमाण समेत बुझी मुद्दाको किनारा गर्नुपर्छ ।

(२) कुनै फौज्दारी मुद्दामा दफा ७ बमोजिम जारी भएको समाह्वानको म्यादमा प्रतिवादी अदालतमा उपस्थित हुन नसक्ने वा प्रतिउत्तर पेश गर्न नसक्ने कुनै विश्वसनीय कारण देखाई कसैले सो म्याद भुक्तान भएको मितिले सात दिनभित्र उजुरीको खण्डन हुने कुनै प्रमाण पेश गरेमा अदालतले सो प्रमाण समेत बुझी मुद्दाको किनारा गर्नुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मुद्दा छिन्नुपर्ने अवधिः– (१) प्रतिउत्तर दाखिल भएको वा प्रतिवादीको बयान भएकोमा सो भएको मितिले र प्रतिउत्तर दाखिल नभएको वा प्रतिवादीको बयान नभएकोमा सो हुने म्याद भुक्तान भएको मितिले नब्बे दिनभित्र मुद्दाको किनारा गर्नुपर्छ ।

(२) उप–दफा (१) मा मुद्दा किनारा गर्ने समयका सम्बन्धमा जुनसुकै कुरा लेखिएको भए तापनि सो समय अगाडिनै मुद्दा किनारा गर्न अंग पुगी सकेको भए सो मितिले तीन दिनभित्र किनारा गर्नुपर्छ ।

तर दफा ८ बमोजिम म्याद वा तारीख थमाउन पाउने म्याद र दफा ९ बमोजिम अनुपस्थित प्रतिवादीका तर्फबाट प्रमाण पेश हुन सक्ने म्यादभन्दा अगावै मुद्दा फैसला गर्नु हुँदैन ।

११. प्रमाण बुझी सकेपछि पक्ष तारेखमा नवसे पनि हुनेः– (१) अदालतले वादी र प्रतिवादी दुवै पक्षको प्रमाण बुझी सकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमति लिई तारिखमा नबसे पनि हुन्छ ।

(२) वादीले आफ्नो प्रमाण पेश गरेपछि निजले मात्र वा प्रतिवादीले समेत तारीख गुजारे पनि मुद्दा डिस मिस गरी फैसला गर्न हुंदैन र बुझेसम्मका प्रमाणका आधारमा मुद्दाको फैसला गर्नुपर्छ ।

१२. यस ऐनबमोजिमको कार्यविधि अपनाउन नपर्ने वा नहुने अवस्थाः– (१) कुनै मुद्दाको कारवाई गर्दै लैजाँदा सो मुद्दा यस ऐन अन्तर्गतको नदेखिएमा अदालतले कारण सहितको पर्चा खडा गरी सो मुद्दाको बाँकी कारवाईमा अन्य प्रचलित नेपाल कानून बमोजिमको सामान्य कार्यविधि अपनाउनुपर्छ ।

(२) कुनै मुद्दामा केही कुरा यस ऐन अन्तर्गत पर्ने र केही कुरामा अन्य प्रचलित नेपाल कानून बमोजिमको कार्यविधि अपनाउनु पर्ने देखिएमा सो पूरै मुद्दाको कारवाईमा अन्य प्रचलित नेपाल कानून बमोजिमको कार्यविधि अपनाउनुपर्छ ।

१३ नियम बनाउने अधिकारः– यो ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियम बनाउन सक्नेछ ।

१४. बचाउ र खारेजीः– (१) यस ऐनबमोजिमको कार्यविधि अपनाउनु पर्ने मुद्दामा सो बमोजिमको कार्यविधि नअपनाई अन्य प्रचलित नेपाल कानून बमोजिमको सामान्य कार्यविधि अपनाइएको रहेछ भने पनि सो कारणले मात्र भैसकेका कारवाई बदर हुने छैन ।

(२) यस ऐन बमोजिम हेरिने मुद्दामा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएदेखि बाहेकका कार्यविधि सम्बन्धी अन्य कुराहरू प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(३) देहायका नेपाल ऐन खारेज गरिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) तथ्यांक ऐन २०१५ को दफा १० को उप–दफा (२) मा रहेको "यो ऐन अन्तर्गतको कसूर सम्बन्धी कारवाई ठाडो जाँचबुझद्वारा गरिनेछ" भन्ने वाक्यांश ।

(ख) जग्गा प्राप्ति ऐन २०१८ को दफा १२ मा रहेको "ठाडो" भन्ने शब्द र दफा २६ ।

(ग) वन ऐन २०१८ को दफा ६, दफा १५ को उप–दफा (२) र दफा ५६ को उप–दफा (१) मा रहेको "ठाडो" भन्ने शब्दहरू र दफा १८ ।

(घ) गाउँ पञ्चायत ऐन २०१८ को दफा ४६, ५०, ५१, ५३, र ५४ ।

(ङ) भिक्षा माग्ने (निषेध) ऐन २०१८ को दफा ३ मा रहेको फौज्दारी मुद्दा सरहको "ठाडो" भन्ने वाक्यांश ।

(च) कम्पनी ऐन २०२१ को दफा १४६ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "ठाडो जाँचबुझ र अन्य आवश्यक कारवाई गरी" भन्ने वाक्यांश ।

(छ) राजमार्ग निर्माण ऐन २०२१ को "दफा ६ मा रहेको र यस सम्बन्धमा" भन्ने शब्दहरूदेखि "हुनेछ" भन्ने शब्दहरूसम्म ।

(ज) पर्यटन उद्योग ऐन २०२१ को दफा ४० को उप–दफा (२) मा रहेको "हुने र त्यस्तो मुद्दामा" भन्ने शब्दहरूदेखि "सबै अधिकार" भन्ने शब्दहरूसम्म ।

(झ) संस्थान ऐन २०२१ को दफा १५ को उप–दफा (२) मा रहेको "ठाडो" भन्ने शब्द ।

(ञ) राष्ट्रिय यातायात व्यवस्था ऐन २०२६ को दफा ५ को उप–दफा (१) मा रहेको "ठाडो बुझी" भन्ने शब्दहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

## अनुसूची–१

### दफा ३ को उप–दफा (१) को खण्ड (क) संग सम्बन्धित

१. नेपाल एजेन्सी सम्बन्धी ऐन २०१४ अन्तर्गतको मुद्दा ।
२. रेडियो ऐन २०१४ अन्तर्गतको मुद्दा ।
३. अन्तशुल्क ऐन २०१५ अन्तर्गतको मुद्दा
४. नेपाल कारखाना र कारखानामा काम गर्ने मजदूर सम्बन्धी ऐन २०१६ अन्तर्गतको मुद्दा ।
५. सहकारी संस्था ऐन २०१६ को दफा २७ अन्तर्गतको मुद्दा ।
६. संस्था रजिष्ट्रेशन ऐन २०१६ अन्तर्गतको मुद्दा ।
७. वन ऐन २०१८ को दफा १५ को उप–दफा (२) अन्तर्गतको मुद्दा ।
८. गाउँ पंचायत ऐन २०१८ बमोजिम गाउँ पञ्चायतको अधिकार क्षेत्रभित्रको मुद्दा ।
९. कम्पनी ऐन २०२१ को दफा १४६ को उप–दफा (२) अन्तर्गतको मुद्दा ।
१०. पर्यटन उद्योग ऐन २०२१ को दफा ३९ अन्तर्गतको मुद्दा ।
११. पेटेन्ट डिजायन र ट्रेडमार्क ऐन २०२२ अन्तर्गतको मुद्दा ।
१२. प्रतिलिपि अधिकार ऐन २०२२ अन्तर्गतको मुद्दा ।
१३. स्टाण्डर्ड नाप र तौल ऐन २०२५ को दफा ३० अन्तर्गतको मुद्दा ।
१४. शिक्षा ऐन २०२५ को दफा १० अन्तर्गतको मुद्दा ।
१५. शिक्षा ऐन २०२८ को दफा १७ अन्तर्गतको मुद्दा ।
१६. चिठ्ठा ऐन २०२५ को दफा ७ अन्तर्गतको मुद्दा ।
१७. मुलुकी ऐन
(क) कल्याण धनको महल अन्तर्गतको मुद्दा ।
(ख) ज्याला मजूरीको महल अन्तर्गतको मुद्दा ।
(ग) गरीब कंगालको महल अन्तर्गतको मुद्दा ।
(घ) चौपाया हराउने र पाउनेको महल अन्तर्गतको मुद्दा ।
(ङ) घर बनाउनेको महलको ८ नं. र ९ नं. अन्तर्गतको मुद्दा ।
(च) लोग्ने–स्वास्नीको महलको ४ नं. अन्तर्गतको इज्जत आमद अनुसार खान लाउन दिनु पर्ने विषयको मुद्दा ।
(छ) अंशवण्डाको महलको १०. नं. अन्तर्गतको इज्जत आमद अनुसार खान लाउन दिनु पर्ने विषयको मुद्दा ।
(ज) नासो धरौटको महलको ५ नं. अन्तर्गतको मुद्दा बाहेक सो महल अन्तर्गतको अन्य मुद्दा ।
(झ) लेनदेन व्यवहारको महल अन्तर्गतको हक निखन्ने विषयको मुद्दा ।
(ञ) वेरितसंग थुन्दाको महल ३ नं. र ४ नं. अन्तर्गतको मुद्दा ।
(ट) इलाज गर्नेको महलको ७ नं. अन्तर्गतको मुद्दा ।
१८. जुवा ऐन २०२० अन्तर्गतको मुद्दा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–२

दफा ३ को उप–दफा (१) को खण्ड (ख) संग सम्बन्धित

१. अनुसूची १ मा उल्लिखित मुद्दा बाहेक अचल सम्पत्ति सम्बन्धी अन्य कुनै मुद्दा ।

२. सन्धीसर्पन सम्बन्धी मुद्दा ।

३. अंश वा अपुताली सम्बन्धी मुद्दा ।

४. नाता सम्बन्ध कायम गराई माग्ने विषयको मुद्दा ।

५. करणीको अपराध सम्बन्धी मुद्दा ।

६. कुनै प्रकारको चोरी सम्बन्धी मुद्दा ।

७. दफा ३ को उप–दफा (३) बमोजिम कारवाई चलेकोमा बाहेक जालसाजी वा किर्ते सम्बन्धी मुद्दा ।

८. निर्वाचन (अपराध तथा सजाय) ऐन २०२४ अन्तर्गतको मुद्दा ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

250

## अनुसुची–३

**दफा ७ को उप–दफा (१) संग सम्बन्धित**

...........अड्डा। अदालतबाट जारी भएको..................ठाउँ बस्ने प्रतिवादी................का नाउँको सात दिन समाह्वान वा इतलायनामा ...................ठाउँ बस्ने ................ले तपाईंको नाममा ..............मितिमा................मुद्दामा यस अड्डा। अदालतमा उजूर बयान। फिरादपत्र दिएको हुनाले सो उजूर बयान। फिरादपत्र र तत्सम्बन्धी लिखत प्रमाणको नक्कल यसै साथ पठाई दिएको छ। तसर्थ बाटोको म्याद बाहेक सात दिनभित्र प्रतिवादी बयान वा प्रति उत्तर पत्र दिन आफ्नो लिखत प्रमाणको सक्कल नक्कल जो छ सो र सो बमोजिमको एक एक प्रति नक्कल समेत लिई यस अड्डा। अदालतमा हाजिर हुन आफैं नै आउनु होला वा अख्त्यारनामा लेखी वारिस पठाउनु होला कानून बमोजिम पुर्पक्ष हुनेछ। इति सम्बत........ साल..... गते रोज.......... शुभम्।

लालमोहर सदर मिति २०२८।१२।२०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।